Funded by the European Union

# EWER त्रैमासिक प्रतिवेदन

## जुन २०१५ देखि अगस्ट २०१५ सम्मका सूचनाको आधारमा तयार पारिएका

२९सेप्टेम्बर २०१५ मा दोस्रो पटक परिमार्जन गरिएको ।

## सारांश


- कार्यालयमा कर्मचारी अनुपस्थित हुने समस्या यथावत नै छ जसले गर्दा सेवाग्राहीले पाउनुपर्ने सेवा सुविधा सरल बन्न सकेको छैन । केही गाविस सचिव धेरैजसो जिल्ला सदरमुकाममै बस्ने गरेका कारण सर्वसाधारण गाउँलेलाई भने जन्म, विवाह, मृत्यु जस्ता घटना दर्ता गर्न, विभिन्न किसिमका सिफारिस बनाउन असहज हुने गरेको पाइयो ।
- केही जिल्ला स्तरीय प्रशासनिक निकायहरूमा भ्रष्टाचार हुनेगरेको जानकारी समेत प्राप्त भएको छ जसले गर्दा सेवाग्राहीमा नकारात्मक असर पर्न गएको छ ।केही निजामती कर्मचारीले घुस लिएको आरोपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कारबाही अघि बढाएका घटना यस अवधिमा सार्वजनिक भए ।
- महिला तथा बालबालिकासम्बन्धी सन्धि तथा महासन्धिहरू नीतिगत रूपमा भएता पनि दण्डहीनताका साथै व्यावहारिक कानुन र चेतनाको अभावमा बालबालिकामाथि हुने दुर्व्यवहार तथा लैङ्गिक हिंसाका घटनाहरू अझै पनि नियन्त्रण हुन नसकेको पाइयो ।
- प्रथम प्रतिवेदनमा उल्लेख भएझैं यस अवधिमा पनि जातीय छुवाछुत र विभेदका घटना देशका विभिन्न स्थानमा भएको पाइयो । खास गरी दलित जातिलाई अन्य जातकाले छुवाछुत र भेदभाव गर्ने, सार्वजनिक ठाउँमा गाली बेइज्जती गर्ने घटना यस अवधिमा देखा परे । यस्ता घटनामा पिडितले उचित न्याय नपाई स्थानीय स्तरमा प्रहरी र राजनितिक नेतृत्वको दवावमा मेलमिलापको नाममा मुद्धा अगाडि नबढ्ने गरेको पाईयो । यस्तो अवस्थामा कानुनी राज्यको अवधारणा कमजोर भएको, पीडकले उन्मुक्ति पाएको र आगामी दिनमा पनि यस्ता प्रकारका अपराधमा मेलमिलापको माध्यमबाट मुद्धालाई कमजोर बनाउने अवस्था सृजना भएको छ ।
- मस्यौदा संविधानको राय संकलन कार्यमा जनसहभागिता कमै भएको तथा छलफलका लागि दिइएको समय पनि कम रहेको थियो भने तराईमा विरोध प्रर्दशनकाबीच संविधानको पहिलो मस्यौदामा सुझाव संकलन गरिएको पाइयो ।६ प्रदेशको खाका घोषणा भएपछि मस्यौदाको विपक्षमा रहेका दल र समूहहरू तथा मस्यौदाको पक्षमा भएका दलहरूबीचको दूरी झन् बढेको पाइयो । आन्दोलनरत दलहरूले सडक आन्दोलन अझ बढी चर्काए जसमा जनताको सहभागिता पनि क्रमशः बढ्दै गएको देखियो ।
- संघीयताको बहससँगै जन्मिएको जातीय मुद्दा संघीय प्रदेशको खाका आएपछि पनि सतहमा आयो । परस्पर विरोधी माग बोकेका समूहका कारण जातीय सद्भावमाथि नकारात्मक प्रभाव पार्ने केही घटना आन्दोलनका क्रममा देखा परे । सामाजिक सद्भावमा तिक्तता आएको र आउने सम्भावना रहेको महसुस गरी देशका विभिन्न स्थानमा सामाजिक सद्भाव र्‍याली प्रदर्शन समेत गरिएको पाइयो। ।

- **बन्दलाई सफल पार्न र आन्दोलनलाई चर्चामा ल्याउनका लागि सवारी साधन तोडफोड र आगजनी गर्ने, सरकारी कार्यालय र प्रहरी चौकीमा आक्रमणगर्ने जस्ता कार्यमा आन्दोलनकारी अग्रणी देखिए जसमा ठूलो भौतिक क्षति हुन पुग्यो ।**
- **राज्यले असन्तुष्ट दल र समूहको मागलाई सम्बोधन गर्न र उनीहरूलाई समेटेर अघि बढ्न नसकेपछि आन्दोलन झन चर्केको पाइयो ।शान्तिपूर्ण भनिए पनि आन्दोलनले हिंसा र तोडफोडको बाटो समातेको देखियो । त्यसपछि झडप र हिंसाका घटना झन्झन् बढ्दै गए, जसले गर्दा १० प्रहरी र दर्जनौं आन्दोलनकारीको मृत्यु भयो । सयौं घाइते भए ।**
- **प्रमुख दलले ७ प्रदेशको संघीय संरचनाको घोषणा गरेपछि पहाडी जिल्लामा आन्दोलन तुलनात्मक रूपमा अत्यन्तै कम देखियो । देशव्यापी बन्दका असर भने पहाडी जिल्लामा पनि देखियो ।**
- **विप्लव नेतृत्वको नेकपा माओवादीले देशका केही स्थानमा चन्दा असुलीको काम गरिरहेको, भूमिगत शैलीमा सङ्गठन विस्तार र "जनकारवाही"गरेको पाइयो । साथै "जनकारबाही"को कार्यक्रम बढाउँदै लैजाने संकेत पनि देखा परेको पाइन्छ ।**
- **स्थानीय स्रोत साधनको उपभोग या स्वामित्वको विषयमा द्वन्द्व भएका घटनाहरू ज्यादै न्यून भेटिए ।संक्रमणकालीन न्यायको सवाल अहिलेको परिवेशमा प्रवल रूपमा अगाडि आएको अवस्था छैन, यद्यपि पीडितको गुनासाहरू यथावत रहेको पाइयो ।**
- **भूकम्पका कारण घर ध्वस्त भएपछि विस्थापित भएका भूकम्प पीडितहरू टहरामा कष्टकर जीवन बिताइरहेकाछन् । भूकम्पले जमिन कमजोर पारेको हुनाले वर्षासँगै उनीहरूलाई अहिले पहिरोको त्रासले पिरोलेको छ । केही ठाउँमा पहिरोले थप पीडा दिइसकेको पाइएको छ ।**
- **भूकम्पबाट घर भत्केकाहरू अस्थायी टहरामा बसेका छन् । टहराको असुरक्षित बासमा भूकम्प पीडित महिला तथा बालबालिकाहरू बलात्कृत हुने, हराउने गरेका घटना सार्वजनिक हुन थालेको पाइएको छ ।**

## १. सुशासन

**कार्यालयमा कर्मचारी अनुपस्थित हुने समस्या यथावत नै छ जसले गर्दा सेवाग्राहीले पाउनुपर्नेसेवा सुविधा सरल बन्न सकेको छैन । केही गाविस सचिव धेरैजसो जिल्ला सदरमुकाममै बस्नेगरेका कारण सर्वसाधारण गाउँलेलाई भने जन्म, विवाह, मृत्यु जस्ता घटना दर्ता गर्न, विभिन्न किसिमका सिफारिस बनाउन असहज हुने गरेको पाइयो ।**

निजामती कर्मचारीलाई कार्यालयमा भेट्न नसकेर सेवाग्राहीको समय बर्बाद हुने गरेको तथ्य देशका विभिन्न क्षेत्रबाट प्राप्त प्रतिवेदनमा उल्लेख गरिएको छ । अझ दुर्गम गाविसमा गाविस सचिवलाई भेट्टाउनु कठिन हुने गरेको ती प्रतिवेदनमा जनाइएको छ । म्याग्दी जिल्लामा द्वन्द्वका समयमा क्षति पुगेका अधिकांश गाविसहरूको गाविस भवन निर्माण भैसकेको छ । तैपनि गाविस सचिवहरूले सदरमुकाममा महङ्गो रकम तिरेर कोठा भाडामा लिएर कार्यालय सञ्चालन गरेकाले राज्य कोषको रकम दुरूपयोग भएको र सेवाग्राहीलाई भने असुविधा भएको गुनासो सर्वसाधारणले गरेका छन् (त्रैमासिक प्रतिवेदन, इन्सेक, पश्चिमाञ्चल) ।कैलाली जिल्लाका विकट गाविसहरू पण्डौन, सहजपुर, हसुलिया, जानकीनगर, थापापुर आदिमा पनि गाविस सचिवको उपस्थिति न्यून रहँदै आएको छ (त्रैमासिक प्रतिवेदन, इन्सेक, सुदूरपश्चिमाञ्चल) ।स्थानीयबासीहरू कुनै पनि प्रकारका सरकारी कागजातहरू बनाउनका लागि सचिव बस्ने स्थानमै पुग्ने गरेका छन् ।

दरबन्दी अनुसार कर्मचारी खटाउने काम नहुँदा पनि सरकारी प्रशासन चुस्त बन्न नसकेको पाइएको छ । जस्तै, ईलाम जिल्लाको इलाका प्रशासन कार्यालय मंगलबारेमा शाखा अधिकृत नभएकाले नागरिकताको प्रमाणपत्रमा हस्ताक्षर गर्न समेत सदरमुकाममा नै ल्याउने गरिएको छ । सीमा प्रशासन कार्यालय पशुपतिनगरमा पनि दरबन्दीभन्दा कम कर्मचारी खटिएका छन् र सेवाग्राहीले पाउनुपर्ने सुविधा यसले गर्दा कटौती भएको छ (त्रैमासिक प्रतिवेदन, मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल) । स्वास्थ्य जस्तो संवेदनशील विषयमा हेर्ने हो भने

मध्यपश्चिमाञ्चल क्षेत्रमा ४५० भन्दा बढी स्वास्थ्यकर्मीको दरवन्दी खाली छ(त्रैमासिक प्रतिवेदन, इन्सेक, मध्य पश्चिमाञ्चल) ।

बन्द, आन्दोलन र केही ठाउँमा लगाइएको कर्फ्युका कारण तराई[1]को जनजीवन अस्तव्यस्त बन्यो । यसले प्रशासन सेवामा पनि असर पारेको पाइएको छ । एकातिर सेवाग्राहीहरूलाई यातायात बन्दले आवतजावत गर्न कठिनाइ बनायो भने अर्कातिर बन्द र कर्फ्युका कारण कर्मचारी कार्यालयमा अनुपस्थित हुने या ढिलो आउने र छिटो कार्यालय छोड्ने प्रवृतीले नागरिकले उचित सेवा पाउन सकेनन् । संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा लगायतले २०७२ साउन ३१ गतेदेखि आह्वान गरेको बन्द र हडतालको क्रममा प्रर्दशनकारीहरूले सरकारी कार्यालयमा आक्रमण गरी क्षति पुऱ्याएका छन् जसले प्रशासनमा दीर्घकालीन असर पार्ने सम्भावना देखिन्छ ।केही वर्षअघि बाँके जिल्लाको राप्ती पारी नरैनापुरमा स्थापना भएको इलाका प्रशासन कार्यालयलाई नेपालगञ्जमा सारिएको छ । राप्ती पारिका गाविसलाई सेवा दिँदै आएको नरैनापुरलाई सदरमुकाममा सारिँदा उक्त क्षेत्रका स्थानीयबासीहरूलाई असुविधा परेको छ । यसैगरी यसअवधिमा दाङ र बाँके जिल्लाका केही प्रहरी चौकीहरू कैलाली जिल्लामा आन्दोलनकारीबाट सुरक्षाकर्मीको हत्या भएपछि केही दिनका लागि अन्य प्रहरी कार्यालयमा गाभिए (त्रैमासिक प्रतिवेदन, मध्य पश्चिमाञ्चल विश्वविद्यालय)। मध्य तराईमा पनि केही प्रहरी चौकीमा आन्दोलनकारीले क्षति पुऱ्याए भने केहीलाई सुरक्षाको दृष्टिकोणले सरकारले नै बन्द गऱ्यो (त्रैमासिक प्रतिवेदन, नेपाल मधेश फाउन्डेसन) ।

**केही जिल्ला स्तरीय प्रशासनिक निकायहरूमा भ्रष्टाचार हुने गरेको जानकारी समेत प्राप्त भएको छ जसले गर्दा सेवाग्राहीमा नकारात्मक असर पर्न गएको छ । केही निजामती कर्मचारीले घुस लिएको आरोपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कारबाही अघि बढाएका घटना यस अवधिमा सार्वजनिक भए ।**

जनतालाई राज्यले दिनैपर्ने सुविधादिएबापत पनि घुस लिने नत्र काम आलटल गर्ने कर्मचारीका कारण निजामती सेवा बदनाम हुने गरेको छ । यस्ता केही घटनामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सक्रियता देखाई मुद्दा चलाउने गरेको समेत पाइन्छ । रूपन्देही जिल्लामा उपभोक्ता समितिको काम मिलाइदिन्छु भन्दै घुस लिएका पश्चिमाञ्चल सिंचाई डिभिजन कार्यालयका दुईजना इन्जिनियरलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग सम्पर्क कार्यालय बुटवलको टोलीले पक्राउ गरेको छ । त्यसै गरी यातायात कार्यालय पोखरामा लाइसेन्स नवीकरणका लागि घुस लिएको आरोपमा कार्यालयका लेखा अधिकृत र लेखापाल पक्राउ परेका छन् (त्रैमासिक प्रतिवेदन, इन्सेक, पश्चिमाञ्चल) । यसै अवधिमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय कोहलपुरले रोल्पा र बाँके जिल्लाका सरकारी कार्यालयबाट सेवाग्राहीसँग घुस लिँदै गरेको अवस्थामा सरकारी कर्मचारीलाई पक्राउ गरी अनुसन्धान प्रक्रिया अघि बढाएको छ । रोल्पा जिल्लाको शहरी विकास तथा भवन निर्माण कार्यालयका लेखा अधिकृतले उपभोक्ता समितिमार्फत एक लाख ४६ हजार घुस लिएको अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले २०७२ साउन २ गते पक्राउ गरेको थियो । यसैगरी जिल्ला प्रशासन कार्यालय बाँकेका एक सुब्बालाई एक लाख रूपैँया घुस लिँदालिँदै अख्तियारको टोलीले कार्यालयबाटै पक्राउ गरेको थियो । बाँके जिल्लास्थित वन कार्यालयका सहायक वन अधिकृत र विद्युत कार्यालयका एक कर्मचारीलाई पनि घुस लिँदै गरेको अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालयले पक्राउ गरेको पाइयो(त्रैमासिक प्रतिवेदन, मध्य पश्चिमाञ्चल विश्वविद्यालय) ।

[1] तराई र मधेश शब्दमा भिन्नता भएको तर्क गरिने भए पनि यस प्रतिवेदनमा यी दुई शब्दलाई पर्यायवाची शब्दका रूपमा प्रयोग गरिएको छ ।

## २. सामाजिक एकता/तनाव

**महिला तथा बालबालिकासम्बन्धी सन्धि तथा महासन्धिहरू नीतिगत रूपमा भए पनि दण्डहीनताका साथै व्यावहारिक कानुन र चेतनाको अभावमा बालबालिकामाथि हुने दुर्व्यवहार तथा लैङ्गिक हिंसाका घटनाहरू अझै पनि नियन्त्रण हुन नसकेको पाइयो ।**

महिलामाथि हुने सबै प्रकारका विभेद र हिंसाका घटना यस अवधिमा पनि देखा परे । महिलामाथि बलात्कार / बलात्कारका प्रयास, बेचबिखन, गालीगलौज, कुटपिट र हत्याका घटनाहरू देशका विभिन्न स्थानमा भएकाथिए ।कञ्चनपुरको देखतभुलीको राना थारू समुदायकी एक महिलाले आफूलाई देवरले मदिरा सेवन गरी कुटपिट गरेको भन्दै २०७२ वैशाख ७ गते जिल्ला प्रहरी कार्यालयअन्तर्गत महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दिइन् । पीडितको स्थानीय मेडिकल पसलमा उपचार समेत गर्नुपरेको थियो । २०७२ वैशाख ९ गते जिल्ला प्रहरी कार्यालय अर्न्तगत रहेका महिला सेवा केन्द्रमा हाजिर भई उनका देवरले माफी मागी अब उप्रान्त यस्तो व्यवहार नगर्ने भनी मिलापत्र भएको सेवा केन्द्रकी प्रहरी जवानले बताइन् (त्रैमासिक प्रतिवेदन, इन्सेक, सुदूरपश्चिमाञ्चल) ।

यो प्रतिनिधिमूलक एक उदाहरण मात्रै हो र यस्ता सयौं घटनाहरू देशभरि नै भएको पाइयो । सचेतनाको अभाव र सामाजिक लाञ्छनाको डरले गर्दा महिलाहरू आफूमाथि भइरहेको हिंसा प्रायः उजुरी गर्दैनथे । तर पछिल्ला केही वर्षहरूमा जनचेतनाको अभिवृद्धि र बदलिँदै गएको समाजका कारण महिलाहरूमाथि हुने हिंसाको उजुरी बढ्न थालेको पाइन्छ ।[2]

यस अवधिमा नवलपरासी जिल्लामा बोक्सीको आरोपमा एक महिलालाई दुर्व्यवहार गरिएको र विरामीको उपचारको नाममा एक बालकको बलि दिइएको जस्ता जघन्य घटना समेत सार्वजनिक भएको छ । कोल्हुवा गाविस निवासी मधेशी समुदायकी एक वृद्धालाई सोही ठाउँकामधेशी समुदायका पुरुषले बोक्सी बनी पत्नीलाई बिरामी बनाइदिएको आरोपमा २०७२ असार १० गते राती पीडितकै घर गई कुटपिट गरी हात भाँचिदिए । नवलपरासीकै कुडिया गाविस निवासी बालक विरामी भएपछि उनका बाबुले धामीलाई देखाए । रोग निको पार्नको लागि धामीले मान्छेको बलि चढाउनुपर्ने बताएपछि २०७२ साउन ५ गते विरामीकै घरमा देवीदेवताको फोटोमुन्तिरछिमेकी दलित परिवारका एक बालकको घाँटी रेटी हत्या गरिएको थियो (त्रैमासिक प्रतिवेदन, इन्सेक, पश्चिमाञ्चल) ।

महिला हिंसाको एक जघन्य अपराध बलात्कार हो । महिला र बालिका बलात्कारका अनेकौं घटना यस अवधिमा सार्वजनिक भए । रूपन्देहीमा एक ७ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा १४ वर्षीय बालक र उनको परिवारलाई स्थानीय बासिन्दाले सामाजिक बहिष्कार गरेको पाइयो । बुटवल उपमहानगरपालिका स्थानीयले आरोपितको परिवारलाई जेठ २१ गतेदेखि उनीहरूको घरमा पानीको पाइप र बिजुलीको लाइनसमेत काटिदिएपछि घटना सार्वजनिक भएको हो । (त्रैमासिक प्रतिवेदन, इन्सेक, पश्चिमाञ्चल) ।

---

[2] थप जानकारीका लागि हेर्नुहोस्–सेफर वर्ल्ड । २०७१ । *“श्रीमती कुटपिट गर्ने मान्छे कसरी मर्द हुन सक्छ ?” पूर्व नेपालमा पुरुषत्व र हिंसासम्बन्धी बुझाइहरू*। काठमाडौं : सेफर वर्ल्ड । अथवा हेर्नुहोस्: file:///C:/Users/user/Downloads/how-can-you-be-a-marda-if-you-beat-your-wife-2nd-edn%20(1).pdf

**प्रथम प्रतिवेदनमा उल्लेख गरिएझैं यस अवधिमा पनि जातीय छुवाछुत र विभेदका घटना देशका विभिन्न स्थानमा भएको पाइयो। खास गरी दलित जातिलाई अन्य जातकाले छुवाछुत र भेदभाव गर्ने, सार्वजनिक ठाउँमा गाली बेइज्जती गर्ने घटना यस अवधिमा देखा परे । सार्वजनिक इनार, कुवा, धारा आदि पँधेरोमा पानी भर्न रोकतोक गर्ने र कोही दलितले पानी भर्ने प्रयास गरेमा उसलाई गालीगलौज र कुटपिट गर्ने आपराधिक घटना पनि बरोबर भएको पाइयो । यस्ता घटनामा पिडितले उचित न्याय नपाई स्थानीय स्तरमा प्रहरी र राजनितिक नेतृत्वको दवावमा मेलमिलापको नामा मुद्धा अगाडि नबढ्ने गरेको पाईयो । यस्तो अवस्थामा कानुनी राज्यको अवधारणा कमजोर भएको, पीडकले उन्मुक्ति पाएको र आगामी दिनमा पनि यस्ता प्रकारका अपराधमा मेलमिलापको माध्यमबाट मुद्धालाई कमजोर बनाउने अवस्था सृजना भएको छ ।**

जातीय छुवाछूत र उचनिचको विभेदपूर्ण व्यवहार कानूनतः दण्डनीय भए पनि नेपाली समाजलाई यस्तो व्यवहारले नराम्ररी गाँजेको विभिन्न उदाहरणले देखाउँछन् । प्युठान जिल्ला त्रिपुर नगरपालिकाका दलित समुदायका दुईमहिलाहरूले साउन २९ गते पत्रकार सम्मेलन गरी प्युठानको एकहिन्दुमन्दिरका पुजारीले आफूहरूलाई दलित भन्ने थाहा पाएर मूल मन्दिरमा पूजा गर्न नदिई गाई गोठमा लगेर सङ्कल्प गर्न लगाएको सार्वजनिक गरे (त्रैमासिक प्रतिवेदन, इन्सेक, मध्यपश्चिमाञ्चल) ।

उदयपुर जिल्ला भलायडाँडा गाविसका दलित समुदायका एक युवकले आफूमाथि जातीय विभेद भएको भन्दै सोही ठाउँका मगर समुदायका एक पुरुषविरुद्ध कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए । २०७२ साउन १२ गते साँझ ५ बजे मदिरा सेवन गरेका ती मगर समुदायका पुरुषले बोल्ने क्रममा अपशब्द प्रयोग गर्दै जातीय उचनिचतामा आधारित भई गालीगलौज गरी सार्वजनिक रूपमा बेइज्जती गरेको बताइन्छ (त्रैमासिक प्रतिवेदन, मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल) ।

यस अवधिमा पनि सार्वजनिक इनार, कुवा, धारा आदि पँधेरोमा दलितलाई पानी भर्न रोकतोक गर्ने र कोही दलितले पानी भर्ने प्रयास गरेमा उसलाई गालीगलौज र कुटपिट गर्ने आपराधिक घटना पनि बरोबर भएको पाइयो । सिराहा जिल्लाको धनगढी गाविसमा २०७२ साउन १६ गते बीबीसी मिडिया एक्सनको साप्ताहिक बहस कार्यक्रम 'साझा सवाल' का टोली सहित चलचित्र नायक राजेश हमाल स्थानीय डोम परिवारका एक युवकसँगै गाउँको इनारमा पानी भर्न जाँदा सारा गाउँले उल्टेर अवरोध गर्दै आक्रोश पोखेका थिए (त्रैमासिक प्रतिवेदन, मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल) । लोकप्रिय एवं प्रभावशाली मिडिया– बीबीसी र नायक– राजेश हमाल समेत जोडिएको हुनाले यो घटनाले राष्ट्रिय रूपमा चर्चा पायो । तर सोही समयमा सिराहा जिल्लामा नै यस्ता विभेदका अरु घटना पनि भएका थिए । मिर्चैया नगरपालिका निवासी मधेशी दलित समुदायकी एक युवतीलाई इनार छोएको आरोपमा साउन १३ गते कुटपिट गरेकोले सोही ठाउँका ६० वर्षीय मधेशी ब्राह्मण समुदायका एक वृद्धविरुद्ध इलाका प्रहरी कार्यालय मिर्चैयामा पीडितले साउन १९ गते उजुरी हालेकी थिइन् । पीडकले आइन्दा छुवाछुत तथा कुटपिट नगर्ने र पीडितलाई उपचार खर्च दिने शर्तमा साउन २१ गते गाउँमै मिलापत्र गरी पीडित परिवारले उजुरी फिर्ता लिएको थियो । अर्को घटना विष्णुपुरकट्टी गाविसको हो, स्थानीय दलित समुदायका एक पुरुषलाई सोही ठाउँका मधेशी समुदायका एक पुरुषले साउन २० गते इनारमा पानी छोएको निहुँमा गाली गलौज गरेको तथा भाँडा इनारबाट लात्तीले फालिदिएको आरोपमा पीडितले इलाका प्रहरी कार्यालय विष्णुपुरकट्टीमा उजुरी हालेका थिए । नेपाल प्रहरीकानायव निरीक्षकका अनुसार सोही दिन नै पीडकले माफी मागेपछि आइन्दा यस्तो व्यवहार नगर्ने शर्तमा मिलापत्र गराएर पठाइएको थियो (त्रैमासिक प्रतिवेदन, मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल) । यसले एकातिर जनचेतनाको अभावलाई प्रस्ट देखाएको छ भने अर्कातिर मानवअधिकारको रक्षा गर्न राज्य सक्षम नभएकाले जातमा आधारित भेदभाव नेपाली समाजमा निरन्तर जरो गाडेर बसिरहेको पनि पुष्टि गर्छ । यस्ता गतिविधिले समाजको जातीय सद्भावलाई धरापमा त पारेको छ नै, साथसाथै नागरिकलाई न्यायोचित व्यवहार गर्नका लागि राज्यका नीति नियमको असल कार्यान्वयन गर्न राज्य अक्षम भएको पनि देखाउँछ ।

जातीय विभेदका यस्ता उदाहरण तराईमा मात्र होइन, पहाडी जिल्लामा पनि देख्न सकिन्छ । २०७२ असारमा लमजुङ जिल्लामा नेवार समुदायकी एक महिलाले सोही ठाउँ निवासी दलित समुदायकी एक महिलालाई खानेपानी लिन जाँदा जातीय रूपमा अपमानित गर्दै ज्यान मार्ने धम्की दिएको घटना जानकारीमा आएको छ । आफूले धारामा थापेको भाँडा भरिएपछि दलित महिलाले निकालेर छेउमा राखेकाले छुवाछुतको विषयलाई लिएर नेवार महिलाले उक्त दलितमहिलालाई गालीगलौज गर्नुका साथै जातीय उचनीचसम्बन्धी अपशब्द प्रयोग गरेकी थिइन् । पीडित महिलाले जिल्ला प्रहरी कार्यालय समक्ष २०७२ असार १५ गते उजुरी दिएपछि प्रहरीले आफ्नो कार्बाही थालेको बताइन्छ ( त्रैमासिक प्रतिवेदन, इन्सेक, पश्चिमाञ्चल) ।

**संघीयताको बहससँगै जन्मिएको जातीय मुद्दा संघीय प्रदेशको खाका आएपछि पनि सतहमा आयो । परस्पर विरोधी माग बोकेका समूहका कारण जातीय सद्भावमाथि नकारात्मक प्रभाव पार्ने केही घटना आन्दोलनका क्रममा देखा परे । सामाजिक सद्भावमा तिक्तता आएको र आउने सम्भावना रहेको महसुस गरी देशका विभिन्न स्थानमा सामाजिक सद्भाव र्‍याली प्रदर्शन समेत गरिएको पाइयो ।**

कैलाली र कञ्चनपुर जिल्लामा आपसमा बाझिने माग लिएका समुदाय निकै सशक्त ढंगले आन्दोलनमा उत्रने भएकाले यस क्षेत्रलाई विगतदेखि नै तनावको सम्भावना भएको क्षेत्रका रूपमा लिइन्छ । प्रदेश विभाजनका क्रममा कैलाली जिल्ला टुक्र्याउने चर्चा बाहिर आएपछि २०७२ साउन २२ देखि नै कैलालीमा अखण्ड सुदूर पश्चिम संघर्ष समितिले अनिश्चितकालीन बन्द हडताल सुरु गर्‍यो । हिन्दु राष्ट्र माग्ने र थारुवान/थरुहट माग्नेहरु पनि आन्दोलनमा थिए । २३ साउनमा यी तीनै समूहले दिनभर कैलालीको धनगढी अत्तरिया लगायत जिल्लाका विभिन्न ठाउँमा दिनभर प्रदर्शन गरे । एकै पटक तीन पक्षले आन्दोलनका कार्यक्रम गरेपछि जिल्ला प्रहरी कार्यालय कैलालीमा सर्वपक्षीय बैठक बस्यो र कार्यक्रम नजुधाउने, एकले अर्काको सम्मान गर्ने जस्ता सहमति गरिएको थियो (त्रैमासिक प्रतिवेदन, इन्सेक, सुदूरपश्चिमाञ्चल) ।

सीमांकनको विषयलाई लिएर कैलालीमा अखण्ड सुदूरपश्चिम पक्षधर र थारुवान/थरुहट पक्षधर बीच भैरहेको विवादले चर्को रूप लिएको देखियो । २०७२ साउन २८ गते थरुहट संघर्ष समितिले कैलालीको टीकापुरमा गरेको आमसभामा नेपाली काँग्रेसका अमरेश कुमार सिंह, संघीय समाजवादी फोरम नेपालका उपेन्द्र यादव र सद्भावना पार्टीका राजेन्द्र महतोले तराईबासी र पहाडीबीच फुट ल्याउने अभिव्यक्ति दिएको र त्यसको विरोध गर्ने भन्दै अखण्ड सुदूरपश्चिम पक्षधरले लम्कीमा प्रदर्शन गरेका थिए । थारुवान/थरुहटले साउन ३२ मा विशाल आमसभा गर्ने भनेको र सोही कार्यक्रमलाई लक्षित गरी अखण्ड सुदूर पश्चिम संघर्ष समितिले अनिश्चितकालिन आम हडताल घोषणा गरेको थियो । त्यसैले सम्भावित भिडन्त रोक्न साउन ३१ गते राती जिल्ला प्रशासन कार्यालय कैलालीमा यी दुई पक्षबीच आमसभा गर्न दिने र यातायात समेत सुचारु चल्न दिने सहमति भएको थियो (त्रैमासिक प्रतिवेदन, इन्सेक, सुदूरपश्चिमाञ्चल) । तर आन्दोलनमा नलागेका व्यक्तिको सो सहमति मान्य नहुने भन्दै अखण्ड सुदूरपश्चिम पक्षधरले बिहानै जुलुस निकालेका थिए ।[3] यसले दुई पक्षको सम्बन्धलाई झन् तिक्त बनाएको देखियो ।

२०७२ भदौ ४ गते अखण्ड सुदूर पश्चिम पक्षधरले आयोजना गरेको मोटरसाइकल र्‍यालीलाई कैलालीको दुर्गौली गाविस तोरैयापुरमा थरुहट पक्षधर समूहले अवरोध सृजना गरेपछि दोहोरो झडप भयो । थरुहट पक्षधरले गुलेली र ढुंगाले हानेपछि अखण्ड सुदूर पश्चिम पक्षधर र प्रहरी घाइते भए । स्थिति नियन्त्रणमा लिन नेपाल प्रहरीले ५ राउण्ड

[3] http://setopati.com/raajneeti/32398/

अश्रुग्यास प्रहार गरेको थियो ।[4] यस घटनापछि स्थानीय प्रशासनले टीकापुर क्षेत्रमा रातीको समयमा निषेधाज्ञा जारी गरेको थियो भने दिउँसोको समयमा टीकापुरलाई  निषेधित क्षेत्र घोषणा गरिएको थियो ।[5]

२०७२ भदौ ७ गते थारुहट/थारुवान सयुक्त संघर्ष समितिका आन्दोलनकारीले निषेधित क्षेत्र उल्लङ्घन गरेका थिए । त्यसदिन सरकारी कार्यालयहरूमा सरकारी बोर्ड हटाई थरुहट प्रदेशको बोर्ड झुण्ड्याउन बिहानै टीकापुरमा हजारौँको संख्यामा आन्दोलनकारी जम्मा भएका थिए । पशुहाटबजारभन्दा केही टाढा चिलिम चोकबाट त्यो समूह करिब ११ बजेतिर निस्कियो । प्रत्यक्षदर्शी भन्छन्, केही दिनअघि मधेशी नेताहरूले जे जे लिएर प्रतिकारमा आउन र सरकार विरुद्ध लड्न उद्घोष गरेका थिए, उनीहरू तिनै हतियार लिएर आएका थिए । उनीहरूका हातमा भाला, किला गाडिएका र तार बेरिएका बाँसका भाटा, आँसी, लठ्ठी, गुलेली र ढुंगा थिए । आन्दोलनकारीको त्यो जुलुस शान्तिपूर्ण रूपमा बिस्तारै अघि बढ्दै गयो । आन्दोलनकारीको भिडले सुरक्षामा खटिएका नेपाल प्रहरीका एसएसपी लक्ष्मण न्यौपाने सहितको नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको समूहलाई धकेल्दै लग्यो । एसएसपीले त्यहाँभन्दा अगाडि नबढ्न आग्रह गरे पनि आन्दोलनरत् समूहले नमानेपछि केही राउण्ड अश्रुग्यास समेत प्रयोग गरियो । तर त्यति गर्दा पनि स्थिति नियन्त्रणमा नआएपछि प्रहरीले रबर बुलेट हानेको प्रत्यक्षदर्शीले बताए । उता आन्दोलनकारी तर्फबाट पनि गुलेलीमार्फत मट्यांग्रा र ढुंगा बर्षिन सुरु भइसकेको थियो ।

आन्दोलनकारीको विशाल भिडले एसएसपी र ड्यूटीमा खटिएका प्रहरीलाई ढुंगा, मट्यांग्रा बर्षाउँदै लखेट्न थाले । ज्यान बचाउन एसएसपी र प्रहरीहरूको समूह रगताम्य अवस्थामै भाग्यो । एसएसपी न्यौपाने भाग्दै गएर एक स्थानीयको गोठमा ठोक्किए, जहाँ रगतको टाटा पछिसम्म देख्न सकिन्थ्यो । त्यति बेलासम्म उनका अंगरक्षकहरू साथमै थिए । भिडले केहीलाई नियन्त्रणमा लियो । एसएसपी न्यौपाने भाग्दै गएर एक स्थानीयको घरभित्र लुक्ने प्रयास गरे । तर भित्र पसेर चुकुल लगाउन नपाउँदै उनलाई नियन्त्रणमा लिएर ढुंगा, ईटा, लठ्ठी र भाला हानेर सोही घरको आँगनमा उनको एकदमै निर्ममतापूर्वक हत्या गरिएको बताइन्छ । उनको हत्यास्थल भन्दा मात्र २ मिटर जति टाढा सशस्त्र प्रहरी हवल्दार राम बिहारी थारु जलाइए थिए । उनलाई केही बेर भाला र लठ्ठी हानेपछि पेट्रोल छर्किएर आगो लगाइएको भनाइ छ । उनको शवभन्दा केही पर प्रहरी हवल्दार श्यामबहादुर खड्काको शव पनि जलेको अवस्थामा भेटाइएको थियो ।

प्रहरी जवान लालबहादुर चन्दको शव सडकमा फेला पऱ्यो । घाइते केही प्रहरी धानबारीतिर भेटिए । एसएसपीको हत्यास्थलभन्दा ३०० मिटर जति टाढा इन्सपेक्टरद्वय बोहरा र बिष्टको शव थियो । उक्त घटनामा मारिएका प्रहरीहरूसँग रहेका हतियार समेत आन्दोलनकारीको समूहले लगेको बताइन्छ । प्रहरीबाहेक घरमै खेलिरहेको अवस्थामा गोली लागेर एक बालकको समेत ज्यान गएको थियो ।

यस दुःखद घटनाको सर्वत्र निन्दा गरिएको पाइयो भने सुरक्षा संयन्त्रहरूको बीच समन्वय नभएको भनी आलोचना समेत गरियो । भदौ ८ गतेदेखि टीकापुर क्षेत्रमा सेना परिचालन गरियो र सो क्षेत्रलाई दङ्गा ग्रस्त क्षेत्र घोषणा गरियो । प्रतिहिंसा स्वरूप कर्फ्युको समयमा थारुहरूका घर र होटल, रेष्टुरेन्ट तोडफोड र आगजनी गरिए । थारुहट आन्दोलनका टीकापुर संयोजक रेशम चौधरीको घर, फूलबारी एफएम र फूलबारी रिसोर्टमा तोडफोड तथा आगजनी भयो । एक समूहले दिउँसो १ बजेतिर आँखा अस्पताल १७ का स्थानीय एक थारुको किराना पसल र साइकल पसल तोडफोड गरे । सोही स्थानमा मधेशी जनअधिकार फोरम लोकतान्त्रिकका स्थानीय नेताको ६ कोठे घरमा आगजनी गरियो । प्रत्यक्षदर्शीका अनुसार कर्फ्यूको समयमा ३ समूहमा विभाजित भएर थारुका घर र बस्ती जलाउँदै हिँड्दा पनि प्रशासनले बेवास्ता गऱ्यो । टीकापुर क्षेत्रलाई दंगाग्रस्त क्षेत्र घोषणा गरेपछि लामो समयसम्म कर्फ्यू जारी

---

[4]http://setopati.com/raajneeti/32625/
[5]http://setopati.com/raajneeti/32777/

राखिएको थियो । सेनाहरू सो क्षेत्रमा परिचालन गरेका कारण स्थानीयवासीहरू त्रसित अवस्थामा रहेका छन् (त्रैमासिक प्रतिवेदन, इन्सेक, सुदूरपश्चिमाञ्चल) । यसप्रकार कैलालीमा सामाजिक सद्भावलाई चुनौती दिने घटना एकपछि अर्को हुँदै गएको पाइन्छ ।

कैलालीको जस्तो संवेदनशील अवस्था देशका अन्य भागमा भने बाहिर देखा परेको खासै पाइएन । संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र राष्ट्रिय मुस्लिम संघर्ष गठबन्धन रौतहटको नामबाट २०७२ भदौ १७ गते “असहयोग आन्दोलनको” विषय राखी प्रेस विज्ञप्ति जारी गरेको पाइयो । उक्त विज्ञप्तिमा रौतहट जिल्लाका प्रहरी इकाई र प्रहरी चौकी खाली गर्न तथा सदरमुकाम लगायत जिल्लाभरि घर डेरा गरी बास दिइएका प्रहरीहरूलाई ४८ घण्टाभित्र हटाउन र उनीहरूलाई सामाजिक बहिष्कार गर्न घरधनीलाई आग्रह गरिएको थियो । यस विषयमा राष्ट्रिय मानवअधिकार आयोगले २०७२ भदौ २१ गते विज्ञप्ति जारी गरी सामाजिक र व्यावसायिक सद्भाव बिथोल्ने प्रकृतिका पर्चा, पम्पलेट र विज्ञप्तिमा अभिव्यक्ति नदिन सम्बन्धित सबै पक्षहरू सजग र सतर्क रहन ध्यानाकर्षण गरेको थियो । त्यसपछि सो गठबन्धनले २०७२ भदौ २३ गते विज्ञप्तिमार्फत यसअघिको विज्ञप्तिमा उल्लेखित कुराहरू फिर्ता लिएको जनाएको छ ( त्रैमासिक प्रतिवेदन, इन्सेक, मध्यमाञ्चल) ।

यी विभिन्न घटनाले सामाजिक सद्भावमा तिक्तता ल्याएको वा ल्याउने सम्भावना रहेको महसुस गरी देशका विभिन्न स्थानमा सामाजिक सद्भाव र्‍याली समेत प्रदर्शन गरिएको पाइयो ।कैलालीको धनगढीमै पनि इन्सेकको क्षेत्रीय कार्यालयको आयोजनामा मानवअधिकारको सम्मान तथा सामाजिक सद्भावको लागि हाम्रो भूमिका विषयक संवाद कार्यक्रम २०७२ साउन २९ गते सम्पन्न गरिएको थियो । आपसी सद्भावमा तिक्तता आउने संकेतका कारण आयोजना गरिएको यस्तो कार्यक्रममा सबै आन्दोलनरत पक्षहरू, नागरिक समाज, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, पत्रकारहरू बीच बृहत छलफल गरिएको थियो । कार्यक्रममा सर्वपक्षीय संवादपश्चात् परस्पर विरोधी माग भएका आन्दोलनकारी समूहहरूले पनि आफ्ना कार्यक्रमहरू शान्तिपूर्ण गर्ने प्रतिबद्धता जाहेर गरेको जानकारी प्राप्त भएको थियो (त्रैमासिक प्रतिवेदन, इन्सेक, सुदूरपश्चिमाञ्चल) ।

महोत्तरीको प्रमुख व्यापारिक केन्द्र बर्दिवासमा भदौ ९ गते कैलाली र तराईका विभिन्न जिल्लामा हिंसात्मक घटनापछि सद्भाव कायम राख्न उद्योग वाणिज्य संघ बर्दिवास र स्थानीय नागरिक समाजको अगुवाईमा बृहत सद्भाव र्‍यालीको आयोजना गरियो । र्‍यालीमा नागरिक समाज, स्थानीयबासी, उद्योगी व्यापारी, विभिन्न राजनितिक दलका नेता कार्यकर्ताहरूको सहभागिता रहेको पाइयो (त्रैमासिक प्रतिवेदन, इन्सेक, मध्यमाञ्चल) ।

सामाजिक सदभाव कायम गरौं, बन्दलाई सदाका लागि बन्द गरौँ, शान्ति र सदभाब कायम गरौँ भन्ने माग सहित नागरिक समाजले भदौ ११ गते पोखरामा शान्ति तथा सदभाव र्‍याली सम्पन्न गर्‍यो । निजी क्षेत्रको पोखरा उद्योग वाणिज्य संघको नेतृत्वमा भएको शान्ति तथा सद्भाव र्‍यालीमा पोखराका राजनीतिक दल तथा दलका भातृ संघ संगठन, नागरिक समाज, मानवअधिकारकर्मी, उद्योगी व्यवसायी, यातायात व्यवसायी, सहकारी संस्थाहरू, टोल विकास संस्था, आमा समूह, अन्तरसमाज महासंघ, शिक्षण संस्था लगायतका विभिन्न सामाजिक संघ संस्थाबाट उल्लेख्य सहभागी थिए (त्रैमासिक प्रतिवेदन, इन्सेक, पश्चिमाञ्चल) ।

नागरिक समाज दार्चुलाले सीमाङ्कनको विषयलाई लिएर विभिन्न ठाउँमा भइरहेको रक्तपात बन्द गर्न आग्रह गरेको छ । भदौ १७ गते (बिहीबार) बिहान सदरमुकाम खलंगामा सद्भाव र्‍याली निकाली ठाउँ ठाउँमा भइरहेको झडप र रक्तपातले देशलाई झन अस्थिर बनाउने भन्दै सामाजिक सद्भाव कायम राख्न आग्रह गरेको हो । सद्भाव र्‍यालीमा दार्चुला बहुमुखी क्याम्पस खलंगाका विद्यार्थी, प्राध्यापक र नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । यस्ता सद्भाव र्‍याली देशका अन्य भागमा पनि देखिए (त्रैमासिक प्रतिवेदन, इन्सेक, सुदूरपश्चिमाञ्चल) ।

खास गरी तराईका जिल्लाहरूमा संविधानका मुद्दा र यसको निर्माण प्रक्रियालाई लिएर विरोध प्रदर्शन र आन्दोलन भइरहेकोछ । आन्दोलनले सामाजिक सद्भाव र शान्तिलाई नबिग्रोस् भन्ने उद्देश्यले नागरिक समाज र निजी क्षेत्रले जनस्तरबाट यस प्रकारका जातीय सद्भाव बढाउने अभियान देशका विभिन्न स्थानमा थालेको पाइन्छ ।

## ३. राजनीतिक परिचालन /तनाव

**मस्यौदा संविधानको राय संकलन कार्यमा जनसहभागिता कमै भएको तथा छलफलका लागि दिइएको समय पनि कम रहेको थियो भने तराईमा विरोध प्रर्दशनकाबीच संविधानको पहिलो मस्यौदामा सुझाव संकलन गरिएको पाइयो । ६ प्रदेशको खाका घोषणा भएपछि मस्यौदाको विपक्षमा रहेका दल र समूहहरू तथा मस्यौदाको पक्षमा भएका दलहरूबीचको दूरी झन् बढेको पाइयो । आन्दोलनरत दलहरूले सडक आन्दोलन अझ बढी चर्काए जसमा जनताको सहभागिता पनि क्रमशः बढ्दै गएको देखियो ।**

२०७२ साउन ४ र ५ गते संविधानको पहिलो मस्यौदामाथि जनताको राय, सुझाव संकलन कार्य गर्न जिल्ला जिल्लामा संविधानसभा सदस्य र कर्मचारीहरूलाई खटाइएको थियो । संविधानको मस्यौदा धेरै नागरिकले पाउन नसकेकोर पाएकाले पनि समय अभावको कारणले पढ्न नभ्याएको भनी सुझाव संकलनको आलोचना भएको पाइयो । सामान्यतया पहाडी जिल्लामा सुझाव संकलन कार्य सहज किसिमले सम्पन्न भएको थियो । मधेश केन्द्रित दल, जनजाति पक्षधर दल र समूहले भने मस्यौदाप्रति असहमति जनाउँदै सुझाव संकलनमा रोक लगाउने, विरोध जनाउने जस्ता कार्यहरू गरेको पाइयो । विरोध प्रर्दशनका क्रममा तराईका जिल्लाहरूमा प्रहरी र प्रर्दशनकारीबीच झडप समेत भयो । नयाँ संविधानको मस्यौदामा सुझाव संकलन टोलीलाई अवरोध गर्न संयुक्त मधेशी मोर्चाले साउन ४ र ५ गते धनुषा बन्दको आह्वान गऱ्यो । सोही बन्दको क्रममा नेपाल प्रहरी र आन्दोलनकारीबीच झडप भएपछि दुई दर्जन भन्दा बढी आन्दोलनकारीहरू घाइते भए । प्रहरीद्वारा लाठी चार्ज र दर्जनौं राउण्ड अश्रु ग्याँस प्रहार गरिएको थियो (त्रैमासिक प्रतिवेदन, इन्सेक, मध्यमाञ्चल) । रौतहटमा नेकपा एमालेका वरिष्ठ नेता तथा पूर्व प्रधानमन्त्री माधव कुमार नेपाल सुझाव संकलनका लागि आएको हुनाले यहाँ झन् कडा विरोध भएको पाइयो । मस्यौदामाथि सुझाव संकलन गर्न जिल्ला सदरमुकाम गौरमा आयोजित कार्यक्रममा मधेशवादी दलका कार्यकर्ताहरूले अवरोध गरेपछि प्रहरीले अश्रुग्याँस प्रहार गरको थियो । प्रहरीले नेता नेपालसहित सभासदहरूलाई नगरपालिकाको हलभित्र सुरक्षा घेरामा राखेको र बाहिर निकाल्ने क्रममा लाठी चार्ज र अश्रुग्याँस प्रहार गरी भिडलाई तितरवितर पारेर उनीहरूलाई सुरक्षित स्थानमा पुऱ्याएको थियो । बारा, पर्सा, महोत्तरी, सिरहा आदि जिल्लामा पनि सुझाव संकलन स्थलमा आन्दोलनकारी दल र समूह तथा प्रहरीबीच झडप भएको पाइयो (त्रैमासिक प्रतिवेदन, इन्सेक, मध्यमाञ्चल) ।

मकवानपुरको क्षेत्र नं ३ को राय सुझाव संकलन कार्यक्रम पनि तनावग्रस्त बन्यो । नेकपा माओवादी वैद्य, विप्लव नेतृत्वको नेकपा माओवादी र संघीय समाजवादी पार्टीका कार्यकर्ताहरूले मञ्चमा मस्यौदा जलाएर नाराबाजी गर्नुको साथै कुर्सी तोडफोड गरेर बाहिर निस्केका थिए । उनीहरूको कार्यक्रम सकिनेबित्तिक्कै राप्रपा नेपालका सभासद गणेश थापाको नेतृत्वमा नाराबाजी गर्दै आएको जुलुसले सभाहलको मूलद्वार तोडफोड गरेर भित्र पसी कार्यक्रम स्थलमा गएर सुझाव संकलन कार्यक्रम बिथोल्न खोज्दा प्रहरीसँग झडप भएको थियो (त्रैमासिक प्रतिवेदन, इन्सेक, मध्यमाञ्चल) । संघीय लिम्बुवान पार्टी नेपालले पनि पूर्वका जिल्लामा सुझाव संकलन कार्यक्रममा विरोध जनायो (त्रैमासिक प्रतिवेदन, मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल) । मस्यौदा संविधानबारे गरिएको राय संकलनका क्रममा आएका आलोचनात्मक सुझावमध्ये संघीय प्रदेशको नामांकन, सीमांकन नगरिएको, नागरिकताको प्रावधानमा विभेद राखिएको, समानुपातिक समावेशीतालाई बेवास्ता गरिएको जस्ता विषय मुख्य भएको पाइयो ।

सुझाव संकलनका क्रममा बढी आलोचना गरिएको विषय सिमाङ्कननै थियो । त्यसैले ठूला चार राजनीतिक दलहरू ( नेपाली काँग्रेस, नेकपा एमाले, एकीकृत नेकपा माओवादी र मधेशी जनअधिकार फोरम लोकतान्त्रिक) बीच २०७२ साउन २३ गते मध्य राती ६ प्रदेशको सीमांकन गर्ने सहमति भयो । यो खाका बाहिर आएपछि संविधानको मस्यौदाको विपक्षमा रहेका दल र समूहहरू झन् असन्तुष्ट बनेको पाइयो । आन्दोलनरत दलहरुले सडक आन्दोलन अझ बढी चर्काए जसमा जनताको सहभागिता पनि क्रमशः बढ्दै गएको देखियो । प्रस्तावित खाकामा जिल्लालाई टुक्र्याई दुई प्रदेशमा पारिएको भन्दै साउन २४ गतेदेखि बाग्लुङमा आन्दोलन थालियो । प्रदेश सीमाङ्कनको यो खाकामा असहमति जनाई मध्य पश्चिमाञ्चल विकास क्षेत्रका विभिन्न जिल्लाहरूमा राजनीतिक दल, संघ संस्था तथा समूहहरूले आन्दोलन सुरु गरे । सुर्खेतका स्थानीयबासीहरूले मध्यपश्चिमका जिल्लाहरूलाई सुदूर पश्चिमसँग गाभेको विरोधमा २०७२ साउन २३ गतेबाट सुरू गरेको आन्दोलन साउन २५ गतेदेखि अन्य जिल्लाहरूमा पनि सर्दै गएको देखियो । मध्यपश्चिमका सुर्खेत, कालीकोट, दैलेख, डोल्पा, सल्यान, जाजरकोट, जुम्ला, हुम्ला, मुगु र रूकुम जिल्लामा अखण्ड मध्यपश्चिम तथा कर्णाली स्वायत्त प्रदेश सहितको आन्दोलन शुरू भयो । त्यसैगरी दाङ, बाँके र बर्दिया जिल्लामा अवध/थरूहट प्रदेशको मागसहित गरिएको बन्द र आमहडतालका कारण मध्यपश्चिमको जनजीवन झनै कष्टकर बनिरह्यो (त्रैमासिक प्रतिवेदन, मध्य पश्चिमाञ्चल विश्वविद्यालय) ।

रोल्पा र प्युठानमा सीमाङ्कनको विषयलाई लिएर आन्दोलन नभएपनि अन्य दल र सङ्गठनले गरेको नेपाल बन्दको प्रभाव भने ती जिल्लाहरूमा पनि पर्‍यो । आन्दोलनका क्रममा मध्यपश्चिम क्षेत्रमा छ जनाको मृत्यु र करिब २ सय जना घाइते भएको घटनाले सबैको सरोकार बढाएको देखियो । यस अवधिमा थरुहट मधेश संयुक्त संघर्ष समितिका कार्यकर्तासँग नेकपा एमाले, नेपाली कांग्रेस र एमाओवादीका कार्यकर्ताको सम्बन्ध बिग्रेको पाइयो । बाँके, बर्दिया जिल्लामा भएका आन्दोलनमा इच्छा विपरीत मानिसहरूलाई प्रदर्शनमा सहभागी बनाएको समेत भेटियो (त्रैमासिक प्रतिवेदन, मध्य पश्चिमाञ्चल विश्वविद्यालय) ।

संविधानको मस्यौदा तथा ६ प्रदेशको सीमांकनप्रति विरोध जनाउँदै नेकपा माओवादी (मोहन वैद्य), आदिवासी जनजाति, थारु र मधेश केन्द्रित दलहरूले साउन ३१ र ३२ मा नेपाल बन्द गरेका थिए । संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले २०७२ साउन ३२ गते मधेश, तराई, थरुहट बन्द हड्तालका कार्यक्रम अनिश्चितकालका लागि जारी नै राख्ने निर्णय गरेको एक विज्ञप्तिमार्फत जनाएको थियो । यी सबै बन्द र आन्दोलनका क्रममा धेरै सवारी साधन तोडफोड गरिए । ती क्षेत्रको जनजीवन निकै कष्टकर बन्यो (त्रैमासिक प्रतिवेदन, इन्सेक, सुदूरपश्चिमाञ्चल) ।

त्यसपछि विभिन्न खाले आन्दोलनकारीहरूको माग सम्बोधन गर्न २०७२ भदौ ३ गते बसेको प्रमुख तील दलका शीर्ष नेताहरू सम्मिलित विशेष समितिको बैठकले ७ प्रदेशको संघीय संरचना बनाउने सहमति गर्‍यो । यस सहमतिले पनि अखण्ड सुदूरपश्चिम र कर्णालीको माग मात्रै सम्बोधन गर्न सक्यो । त्यसपछि आफूहरूको माग सम्बोधन नभएको भन्दै मधेशवादी दलहरू र थारु समुदाय झन् आन्दोलित भए ।

**बन्दलाई सफल पार्न र आन्दोलनलाई चर्चामा ल्याउनका लागि सवारी साधन तोडफोड र आगजनी गर्ने, सरकारी कार्यालय र प्रहरी चौकीमा आक्रमण गर्ने जस्ता कार्यमा आन्दोलनकारी अग्रणी देखिए जसमा ठूलो भौतिक क्षति हुन पुग्यो ।**

आन्दोलनलाई कडा र उत्तेजक बनाए मात्र राज्यको ध्यान आकर्षण गर्न सकिन्छ भन्ने मानसिकता आन्दोलनकारीमा देखियो । अर्कातिर राज्यका तर्फबाट मागमा बेवास्ता र आन्दोलनमा दमन भएकाले पनि आन्दोलनका क्रममा भौतिक सम्पत्तिमाथि आक्रमण भएको पाइयो । मोर्चाका कार्यकर्ताहरूले धनुषा र रौतहटमा नेकपा एमाले जिल्ला पार्टी कार्यालय तोडफोड गरी आगजनी समेत गरेका थिए । सीमांकन विरुद्धको भइरहेको मधेश आन्दोलनको क्रममा भदौ १५ गते बिहानैदेखि सयौंको संख्यामा रहेका आन्दोलनकारीहरूले महोत्तरीको सदरमुकाम जलेश्वरस्थित नेपाली काँग्रेस

जिल्ला पार्टी कार्यालयमा ढुंगामुढा गर्दै कार्यालयको मुख्य द्वार फुटाएर क्षति पुऱ्याएका थिए । त्यसैगरी आन्दोलनकारीहरूले जलेश्वर नगरपालिका कार्यालय र जिल्ला निर्वाचन कार्यालय समेत ढुगांमुढा गरी क्षति पुऱ्याए । उनीहरूले जिल्ला निर्वाचन कार्यालयको साइनबोर्ड समेत उखेलेर सडकमा फ्याँकिदिएका थिए (त्रैमासिक प्रतिवेदन, इन्सेक, मध्यमाञ्चल) ।

बन्दको अवज्ञा गरेको भन्दै भदौ ८ गते मोर्चाका कार्यकर्ताले धनुषामा जिल्ला शिक्षा कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय र राराब क्याम्पसमा तोडफोड गरेका थिए । कार्यालय खोली कार्यालय भित्र काम गरिरहेको भन्दै मोर्चाले आक्रमण गरी कार्यालयको झ्याल, ढोकामा ढुङ्गामुढा हानी तोडफोड गरेका थिए । संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका कार्यकर्ताहरूले घरेलु तथा साना उद्योग कार्यालय महोत्तरीमा तोडफोड गरे । बन्दको अवज्ञा गरी कार्यालय सञ्चालन गरेको भन्दै तराई मधेश सद्भावना पार्टीका केन्द्रीय सदस्य सुरेश पाण्डे र नागरिक समाजका अगुवा देवेन्द्र चौधरी सहित १०-१५ जनाको संख्यामा लाठी, भाटा सहित आएका मोर्चाका कार्यकर्ताले कार्यालयभित्र प्रवेश गरी कार्यालय प्रमुख सञ्जयकुमार साहको कार्यकक्षमा रहेका कम्प्युटर, प्रिन्टर, मोडेम, टेलिफोन सेट तोडफोड गरी क्षति पुऱ्याए (त्रैमासिक प्रतिवेदन, इन्सेक, मध्यमाञ्चल) ।

संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका कार्यर्ताहरूले २०७२ भदौ १३ गते बन्दको अवज्ञा गरेको भन्दैजनकपुरस्थित नेपाल इनभेष्टमेन्ट बैंक, एभरेष्ट बैंक, सहयोगी विकास बैक, अरनिको विकास बैंक, राष्ट्रिय वाणिज्य बैंकमा तोडफोड गरे । त्यसपछि जनकपुरका बैंकहरू समेत पूर्णरूपमा ठप्प भए (त्रैमासिक प्रतिवेदन, इन्सेक, मध्यमाञ्चल) ।

पर्सामा प्रर्दशनकारीहरूले २०७२ भदौ १५ गते आठ नेपाल प्रहरी र एक सशस्त्र प्रहरी गरी नौ प्रहरी कार्यालयमा आक्रमण गरी तोडफोड गर्नुका साथै आगजनी गरेका थिए । तोडफोड तथा आगजनी गरिएका प्रहरी कार्यालयहरूमा बीरगंज उपमहानगरपालिकारानीघाटस्थित नेपाल प्रहरीको चौकी, बीरगंज उपमहानगरपालिकाअशोक वाटिकास्थित नेपाल प्रहरी चौकी, भिषूवा गाविसस्थित सशस्त्र प्रहरी चौकी र नेपाल प्रहरी चौकी, आशवारीस्थित नेपाल प्रहरी चौकी, जानकीटोलास्थित नेपाल प्रहरी चौकी, मिर्जापुरस्थित नेपाल प्रहरी चौकी, झौवागुठी गाविस इटियाहीस्थित नेपाल प्रहरी चौकी र पाडेपुरस्थितनेपाल प्रहरी चौकी रहेका छन् । सोही दिन बारा जिल्लामा प्रर्दशनकारीहरूले देवापुरस्थित प्रहरी चौकीमा आक्रमण गरी तोडफोड गरे । प्रहरी र प्रहरी कार्यालयको असुरक्षा देखिएका स्थानबाट सरकार आफैले पनि प्रहरी चौकी हटाउन थालेको जानकारी प्राप्त भएको छ(त्रैमासिक प्रतिवेदन, इन्सेक, मध्यमाञ्चल) । यसले जनताको शान्ति सुरक्षामा दीर्घकालसम्म असर पुऱ्याउन सक्ने देखिन्छ ।

**राज्यले असन्तुष्ट दल र समूहको मागलाई सम्बोधन गर्न र उनीहरूलाई समेटेर अघि बढ्न नसकेपछि आन्दोलन झन् चर्केको पाइयो । शान्तिपूर्ण भनिए पनि आन्दोलनले हिंसा र तोडफोडको बाटो समातेको देखियो । त्यसपछि झडप र हिंसाका घटना झन्झन् बढ्दै गए, जसले गर्दा १० प्रहरी र दर्जनौं आन्दोलनकारीको मृत्यु भयो । सयौं घाइते भए ।**

संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको २०७२ भदौ २ गते बसेको बैठकले थरुहट, मधेश लगायत यस गठबन्धनमा आबद्ध रही आन्दोलनका क्रममा सहिद हुनेलाई ५० लाख रुपियाँ उपलब्ध गराउने र सहिद परिवारलाई निःशुल्क शिक्षा र रोगजारीको व्यवस्था प्रदेशिक सरकारले बहन गर्ने प्रतिबद्धता सहितको निर्णय गरेको जनाएको थियो (त्रैमासिक प्रतिवेदन, इन्सेक, मध्यमाञ्चल) । मधेशी मोर्चाका कार्यकर्ताहरू आन्दोलनका क्रममा घरेलु हातहतियारसहित विरोध प्रर्दशनमा ओर्लिए भने प्रहरीले विरोध प्रदर्शनलाई रोक्न तथा हिंसा हुन नदिन बल प्रयोग गऱ्यो । प्रहरीले बल प्रयोग गर्दा प्रर्दशनकारीहरूले पनि त्यसको विरोध गर्दै सरकारी कार्यालय, सवारी साधनहरूमाथि आक्रमण तथा तोडफोडका गतिविधि बढाएको पाइयो । सुर्खेत र कर्णाली क्षेत्रको मागलाई सम्बोधन गरे पनि थारु र मधेशी समुदायको मागलाई

बेवास्ता गरिएकाले तराई क्षेत्रमा आक्रोश झन् बढ्यो । संघीय प्रदेशप्रति असन्तुष्टि जनाउँदै संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङलाई भदौ ६ गते सद्भावना पार्टीका चार जना सभासद्हरूले राजीनामा पत्र समेत बुझाए ।

भदौ ७ गते कैलालीको टीकापुरमा एसएसपी सहित ९ जना प्रहरीको निर्मम हत्या आन्दोलनकारीले गरे । ठूलो संख्यामा रहेका आन्दोलनकारीले निषेधित क्षेत्र तोडेर अघि बढ्न खोजेपछि स्थिति हिंसात्मक बनेको बताइन्छ । सोही दिन काठमाडौँमा बसेको सुरक्षा परिषद्को बैठकले कैलालीमा सेना परिचालन गर्न आदेश दिएको थियो । कैलालीको टीकापुरमा भएको झडपमा उच्च ओहोदाका प्रहरीको मृत्यु भएपछि आकस्मिक रूपमा बसेको सुरक्षा प्रमुखको बैठकले सेना परिचालन गर्न प्रमुख जिल्ला अधिकारीलाई अनुमति प्रदान गरेको थियो । त्यहाँ त्यसपछि लगातार कर्फ्यु लगाइयो (त्रैमासिक प्रतिवेदन, इन्सेक, सुदूरपश्चिमाञ्चल) । विस्तारै पश्चिमको आन्दोलन मध्य तराईमा सऱ्यो । आन्दोलन चर्कँदै गएपछि सरकारले कैलालीसहित रौतहट, सर्लाही, कपिलवस्तु, रूपन्देही लगायतका जिल्लाहरूलाई पनि संकटग्रस्त क्षेत्र घोषणा गऱ्यो । ती स्थानमा पनि कर्फ्यु लगाउन थालियो । तराईमा भएका आन्दोलनका केही मुख्य घटना हेरौँ :

- भदौ १ गते संयुक्त मधेशी मोर्चाको बन्दका क्रममा सप्तरीको भादहमा भएको झडपमा प्रहरीको गोलीलागीभारदह-१ का २४ वर्षीय राजीव राउतको घटनास्थलमै मृत्यु भएको थियो । झडपको क्रममा अन्य केही घाइते भएका थिए । स्थिति नियन्त्रणमा लिन प्रहरीले कर्फ्यु जारी गरेको थियो (त्रैमासिक प्रतिवेदन, नेपाल मधेश फाउन्डेसन) ।
- भदौ ८ गते रौतहट जिल्लाको सदरमुकाम गौरमा लोकतान्त्रिक मधेशी मोर्चाले गरेको अनिश्चितकालीन आम हडतालमा आन्दोलनकारी र प्रहरी बीच भएको झडपमा प्रहरीको गोलीलागीमठिया-६ का २४ वर्षीय राजकिशोर ठाकुर लोहारको मृत्यु भएको थियो । भीड नियन्त्रण गर्न प्रहरीले दर्जनौँ राउण्ड अश्रुग्यास प्रहार गरेको थियो ( त्रैमासिक प्रतिवेदन, नेपाल मधेश फाउन्डेसन) ।
- भदौ १४ गते वीरगंजको राधेमाई क्षेत्रमा प्रदर्शनकारी र सुरक्षाकर्मीको बीच झडप हुँदा सुरक्षाकर्मीको गोली लागी घाइते भएका वीरगंज उपमहानगरपालिका-२५ मनियारीका ३५ वर्षीय दिलीप चौरसियाको उपचारको क्रममा मृत्यु भएको थियो । उनी संघीय समाजवादी फोरमको गाउँ कमिटि सदस्य थिए । स्थिति नियन्त्रण बाहिर गएपछि स्थानीय प्रशासनले दिउँसो ४ बजेदेखि वीरगंजमा अनिश्चितकालीन कर्फ्यु लगाएको थियो । यद्यपि आन्दोलनकारीले कर्फ्यु उल्लंघन गरी शहरका विभिन्न भागमा साँझसम्म प्रदर्शन गरेका थिए । त्यस क्रममा करिब ९ प्रहरी सहित ३ दर्जन प्रदर्शनकारी घाइते भएका थिए । स्थिति नियन्त्रणमा लिन प्रहरीले सय राउण्डभन्दा बढी हवाइ फायर गरेको थियो ।(त्रैमासिक प्रतिवेदन, नेपाल मधेश फाउन्डेसन) ।
- स्थानीय प्रशासनले भदौ १४ गते दिउँसो ४ बजेदेखी बीरगंजमा अनिश्चितकालका लागि कर्फ्यु आदेश जारी गऱ्यो । बीरगंजको नयाँ बसपार्क क्षेत्रको नगवामा प्रर्दशनकारीहरूले सडकमा अवरोध सृजना गरेको र त्यो अवरोध हटाउन प्रहरीले ६१ राउण्ड अश्रुग्यास ३८ राउण्ड प्लास्टिकको गोली चलाएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको थियो (त्रैमासिक प्रतिवेदन, नेपाल मधेश फाउन्डेसन) ।
- भदौ १५ गते संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका कार्यकर्ताहरूले कलैया चोकमा निषेधित क्षेत्र तोडेर ढुङ्गामुढा गरेपछि प्रहरीले चलाएको गोलीलागीकलैया १० का २३ वर्षीय हिफाजत मियाको मृत्यु भयो (त्रैमासिक प्रतिवेदन, नेपाल मधेश फाउन्डेसन) ।
- २०७२ भदौ १५ गते बारा जिल्लाको प्रसौनी गाविस वडा नं ८ ठूलो नौतनका दिनानाथ साह र सोही ठाउँका भोला भनिने जयप्रकाशसाह तेलीको प्रहरीको गोली लागी बीरगंज उपमहानगरपालिका वडा नं १८ को लक्ष्मनवामा घटनास्थलमै मृत्यु भयो । त्यसैगरी नगवामा प्रहरीले चलाएको गोली लागी बीरगंज उपमहानगरपालिका वडा नं २५ मनियारीका धर्मराज सिंह र वडा नं १९ का सोहन साह कलवारको मृत्य भयो । यसैबीच ४७ जना प्रर्दशनकारी घाइते भए । घटनापछि स्थानीय प्रशासनले सुरक्षा संवेदनशीलतालाई ध्यान दिई उक्त क्षेत्रलाई दङ्गाग्रस्त क्षेत्र घोषणा गरेको जनायो (त्रैमासिक प्रतिवेदन, नेपाल मधेश फाउन्डेसन) ।

**प्रमुख दलले ७ प्रदेशको संघीय संरचनाको घोषणा गरेपछि पहाडी जिल्लामा आन्दोलन तुलनात्मक रूपमा कम देखियो । देशव्यापी बन्दका असर भने पहाडी जिल्लामा पनि देखियो ।**

पहाडी जिल्लाहरूमा ७ प्रदेश विभाजनको खाकालाई लिएर ठूलो विरोध भएको खासै देखिएन । मुख्य अपवादको रूपमा बाग्लुङ देखियो । यस जिल्लालाई अखण्ड रूपमा प्रदेश नं ४मा पारिनुपर्नेमा पश्चिमी भागलाई प्रदेश नं ५ मा पारिएको विरोधमा यहाँ १७दिनसम्म आन्दोलन भयो । जिल्लामा क्रियाशील राजनीतिक दल, उद्योग वाणिज्य संघ लगायतका विभिन्न संघ संस्थाले आन्दोलनलाई अघि बढाएका थिए (त्रैमासिक प्रतिवेदन, इन्सेक, पश्चिमाञ्चल) ।

अरुण पूर्वका नौ जिल्लामा लिम्बुवान स्वायत्त राज्य हुनुपर्ने मागसहित पाँचथर सदरमुकाम फिदिममा लिम्बुवान अकुपाई आन्दोलन २०७२ भाद्र १६ गते शुरु भएको थियो । लिम्बु समुदायका सामाजिक संस्था र राजनीतिक दलका कार्यकताहरूले लिम्बुवान कब्जा आन्दोलन थालेका हुन् । उनीहरूले फिदिमको मुख्य चोंकको खाली ठाउँमा पाल टाँगेर आन्दोलन गरेका थिए । पाल टाँगेर लिम्बुवान कव्जाको सांकेतिक सन्देश दिन खोजिएको किराँत याक्थुङ चुम्लुङका जिल्ला अध्यक्ष बुद्धराज लिम्बूले जानकारी दिए । यस्तो आन्दोलन इलाम र ताप्लेजुङ सदरमुकाममा पनि गरिएको थियो । नेपाल आदिबासी जनजाति महासघंले पहिचान सहितको संघीयता माग गर्दै भाद्र ६ र ७ गते गरेको नेपाल बन्दले जनजीवन प्रभावित भएको थियो । बन्दका कारण यातायात, शैक्षिक संस्था र पसलहरूपूर्ण रूपमा बन्द भएको थियो ( त्रैमासिक प्रतिवेदन, मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल) । भदौ १४ मा मगर समुदायले स्वायत्त मगरात प्रदेशको माग गर्दै मगरात क्षेत्रका जिल्ला बन्द आह्वान गरेका थिए (त्रैमासिक प्रतिवेदन, इन्सेक, पश्चिमाञ्चल) ।

**विप्लव नेतृत्वको नेकपा माओवादीले देशका केही स्थानमा चन्दा असुलीको काम गरिरहेको, भूमिगत शैलीमा संगठन बिस्तार र “जनकारबाही” गरेको पाइयो । साथै “जनकारबाही”को कार्यक्रम बढाउँदै लैजाने संकेत देखा परेको पाइन्छ ।**

विप्लव नेतृत्वको नेकपा माओवादी समूहले पाँचथर रानीगाउँ १ स्थित विवुखोला लघु जलविद्युत आयोजनाको उपभोक्ता समूहसँग चन्दा माग गर्दै धम्कीपूर्ण पत्राचार गरेको छ । नेकपा माओवादी पाँचथरका सचिव अर्जुन घिमिरे र जनमुक्ति सेना प्रमुख विमर्शद्वारा हस्ताक्षरित पत्रमा चन्दा नदिए आयोजनाको काम बन्द गर्ने चेतावनी समेत दिइएको पाइयो (त्रैमासिक प्रतिवेदन, मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल) ।पाँचथरमै यस दलको जिल्ला समितिले २०७२ भदौ १३ गते एक विज्ञप्ति जारी गर्दै कालाबजारी, सामन्त, भ्रष्टाचारी, घुसखोर, दलालले प्रश्रय पाएको भन्दै सो कार्यमा संलग्न हुनेहरूलाई जनकारबाही गर्ने धम्की दिएको छ । “जनताले दलाल, पुँजीवादी, यथास्थितिवादीहरूको सत्ता स्वीकारिरहन बाध्य नभएको कुरा जानकारी गराउँछौं,” जिल्ला जनसत्ता प्रमुख अर्जुन र सेक्रेटरी सौगातद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, “कालाबजारी, सामन्त, भ्रष्टाचारी, घुसखोर, दलाल तथा नोकरशाह पूँजीवादविरुद्ध भण्डाफोर र जनकारबाही गरिनेछ ।” माओवादीको यस्तो चेतावनीपछि जिल्लामा व्यावसायीहरू पुनः चन्दा आतङ्क हुने भयले त्रसित भएको बताइन्छ । यसअघि पनि माओवादीले जिल्लामा सञ्चालित आयोजनामा धम्कीपूर्ण पत्र लेखी चन्दा असुली गरेको पाइएको थियो (त्रैमासिक प्रतिवेदन, मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल) ।

२०७२ साउन १० गते बिहानविप्लव नेतृत्वको माओवादीका कार्यकर्ताहरूको एक समूहले भरतपुर उपमहानगरपालिकाका कार्यकारी अधिकृत लाई मोसो दलेर दुर्व्यवहार गरे । घटनापछि छरिएको पर्चामा उनले जनताको करबाट उठेको रकमलाई भ्रष्टाचार गरेको, इमान्दार कर्मचारीलाई पाखा लगाएर भ्रष्टलाई संरक्षण गरेको र नगरपालिकाको जग्गा खरिदमा भ्रष्टाचार गरेको आरोप लगाइएको पाइयो (त्रैमासिक प्रतिवेदन, इन्सेक, मध्यमाञ्चल) । यस्तै कारबाही तनहुँमा पनि भएको पाइयो । विप्लव नेतृत्वको नेकपा माओवादीका कार्यकर्ताहरूले भ्रष्टाचारको आरोपमा २०७२ साउन २६ गते राती ७ बजे घाँसीकुवा गाविसका सचिवेलाई कालोमोसो दल्नुका साथै जुत्ताको माला

लगाई दुर्व्यवहार गरे । भूकम्प पीडितलाई राहतको लागि आएको रकमको दुरूपयोग गरेको, विभिन्न शिर्षकमा गाविसलाई प्राप्त रकमको दुरूपयोग गरेको, घाँसीकुवा गाविस ६ स्थित करिब ४० रोपनी सार्वजानिक जग्गा खानी दर्ताको लागि अनुमति दिएको र अख्तियारमा समेत उक्त गाविसको भ्रष्टाचारसम्बन्धी उजुरी परे पनि कारबाही गर्न ढिला गरेको भन्दै उनलाई त्यस्तो दुर्व्यवहार गरेका थिए (त्रैमासिक प्रतिवेदन, इन्सेक, पश्चिमाञ्चल) ।

विप्लव नेतृत्वको नेकपा माओवादीका कार्यकर्ताद्वारा बाँकेमा एक कानुन व्यवसायी पिटिएको पाइएको छ । नेपालगञ्ज उपमहानगरपालिका-१२ का ती कानुन व्यवसायीको टाउकोमा गम्भीर चोट लागेकोर  दुबै खुट्टाभाँचिएको बताइन्छ । उनी एकीकृत माओवादीका बाँके जिल्ला सदस्य समेत हुन् । घटनास्थलमा एक विज्ञप्ति फेला परेको थियो । विप्लव नेतृत्वको नेकपा माओवादीका जिल्ला सेक्रेटरी मानबहादुर रोकाय (शक्ति) द्वारा हस्ताक्षरित उक्त विज्ञप्तिमा बाँके जिल्लाको फत्तेपुर, हिर्मिनिया र गंगापुर गाविसका सर्वसाधारणसँग किर्ते कागज बनाई जग्गा हड्पेकाले जनकारबाही गरेको उल्लेख थियो । घटनामा संलग्नहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

## ४ स्रोत साधनमाथिको द्वन्द्व

**स्थानीय स्रोत साधनको उपभोग या स्वामित्वको विषयमा द्वन्द्व भएका घटनाहरू ज्यादै न्यून भेटिए ।**

डोल्पा जिल्लाको शहरतारा गाविस र दुनै गाविसको बीचमा पर्ने ठागे लेकमा २०७२ जेठ १६ र १९ गते वन उपभोगको विषयमा विवाद गरेको आरोपमा  दुनै गाविस-७ थालाका दुई व्यक्तिसुरक्षाकर्मीबाट कुटिए । दुई गाउँबीच वनको विषयमा भएको विवादमा सर्वसाधारण कुटिएको समाचार बाहिर आयो । यार्चाको समयमा जनता तथा आम सर्वसाधारण शान्ति सुरक्षाका लागि खटिएका प्रहरीबाट कुटिए । सुरक्षाकर्मीको कुटपिटबाट घाइते दुबैको जिल्ला अस्पताल डोल्पामा उपचार गरियो । गिरफ्तार पश्चात कुटपिट गरिएका दुबैलाई आफन्तको जिम्मा लगाइएको थियो । सर्वसाधारणमाथि प्रहरीले गरेको ज्यादतिका विरुद्ध स्थानीयबासीहरू सदरमुकाममा आएका थिए । शहरतारा गाविसको ठागे लेकको रामचौरमा दुनै गाविस थाला गाउँलेले बन्द गरेको वनमा शहरताराका केही स्थानीयहरू वनमा यार्चा खोज्न जाँदा थाला र शहरतारा गाउँका स्थानीयबासी बीच विवाद भएको थियो (त्रैमासिक प्रतिवेदन, मध्य पश्चिमाञ्चल विश्वविद्यालय) ।

कैलालीको पहलवानपुर गाविसमा करिव एक महिना अगाडि दलित, जनजाति महिलाहरूको गैर दलित महिलाहरूसँग सामुदायिक बन सञ्चालन गर्ने सम्बन्धमा-बनको व्यावस्थापन, बनभित्र रहेका नदीनालामा रहेका गिटीबालुवा पैठारी गर्ने सम्बन्धमा विवाद भएको थियो । त्यस विवादलाई मानवअधिकार संरक्षण समूहले समाधान गरेको थियो (त्रैमासिक प्रतिवेदन, इन्सेक, सुदूरपश्चिमाञ्चल) । प्रतिवेदन लेखनको यो अवधिमा यस विवादबारे धेरै जानकारी प्राप्त हुन सकेन । यसबारे थप जानकारी प्राप्त भएमा आगामी प्रतिवेदनमा उल्लेख गरिने छ ।

## ५. संक्रमणकालीन न्याय/न्यायमाथिको पहुँच

**संक्रमणकालीन न्यायको सवाल अहिलेको परिवेशमा प्रवल रूपमा अगाडि आएको अवस्था छैन, यद्यपि पीडितको गुनासाहरू यथावत भएको पाइयो ।**

ईलाम जिल्लाका अङ्गभङ्ग भएका द्वन्द्व पीडितले शरीरका कुनै भाग गुमाएको अवस्थाको आधारमा अपाङ्गताको प्रतिशत तोकिने र सोही आधारमा राहत वितरण गरिने परिपाटी ठीक नभएको गुनासो गरेकोभेटियो । अङ्गभङ्ग भएको अवस्थामा पूर्ण रूपमा अपाङ्ग मानिनुपर्ने माग पूर्वी पहाडी अन्य जिल्लाका केही पीडितको समेत रहेको छ (त्रैमासिक प्रतिवेदन, मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल) ।

इन्सेकको तथ्याङ्कअनुसार सशस्त्र द्वन्द्वको क्रममा राज्यपक्षबाट ८ सय २४ र एकीकृत नेपाल कम्युनिस्ट पार्टी माओवादीबाट १ सय ८ जना गरी ९ सय ३२ जनालाई बलपूर्वक बेपत्ता पारिएकोमा उनीहरूको अवस्था हालसम्म अज्ञात रहेको छ । सशस्त्र द्वन्द्वका क्रममा मारिएका तथा बेपत्ता भएका पीडित परिवारले हालसम्म न्यायको अनुभूति गर्न सकेका छैनन् । द्वन्द्व पीडितहरूलाई न्यायदिन सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानविन आयोग गठन भएको छ । तर, तीआयोगले हालसम्म द्वन्द्व पीडितको न्यायका लागि प्रक्रिया अगाडि बढाएको पाइएको छैन ( त्रैमासिक प्रतिवेदन, इन्सेक, मध्यमाञ्चल) ।

सशस्त्र द्वन्द्वको समयमा तत्कालीन विद्रोही पक्षबाट पत्नी बेपत्ता पारिएका बाग्लुङको बोहरागाउँ-९ काखुमलाल शर्माले न पत्नीको अवस्था थाहा पाएका छन्, न राहत नै । २०६२ मंसिर १६ गते आफ्नै घरबाट बेपत्ता पारिएकी पत्नीलाई खोजी गरी अवस्था सार्वजनिक गरिदिनुपर्ने माग उनको छ । तत्कालीन माओवादी पार्टीले श्रीमती बेपत्ता पारेको र सोही पार्टीका केही नेताको दबाबमा आफूले अहिलेसम्म न्याय नपाएको उनी बताउँछन् । तत्कालीन विद्रोही पक्षबाट उनकी पत्नी सुशीला बेपत्ता परिएकी हुन् भन्ने कुरा आइसीआरसी, मानवअधिकार आयोग लगायतका संघ संस्थाको बेपत्ताको सूचीमा सूचीकृत भएको तथ्यबाट पुष्टि हुन्छ (त्रैमासिक प्रतिवेदन, इन्सेक, पश्चिमाञ्चल) ।

बाँके जिल्लाको यातनासम्बन्धी एक मुद्दामा पुनरावेदन अदालत नेपालगञ्जले आदेश दिएको छ । हिरासत कक्षमा यातना दिएको आरोप खेपेका बाँकेका तत्कालीन प्रहरी उपरीक्षक दिनेश अमात्य र प्रहरी जवान अशोक यादवलाई पुनरावेदन अदालत नेपालगञ्जले झिकाउन आदेश दिएको हो (त्रैमासिक प्रतिवेदन, इन्सेक, मध्यपश्चिमाञ्चल) ।

## ६. भूकम्पपछिको राहत/सहयोग वितरण र स्वास्थ्यलाभसम्बन्धी चुनौती/द्वन्द्व

**भूकम्पका कारण घर ध्वस्त भएपछि विस्थापित भएका भूकम्प पीडितहरू टहरामा कष्टकर जीवन बिताइरहेका छन् । भूकम्पले जमिन कमजोर पारेको हुनाले वर्षासँगै उनीहरूलाई अहिले पहिरोको त्रासले पिरोलेको छ । केही ठाउँमा पहिरोले थप पीडा दिइसकेको पाइएको छ ।**

भूकम्पले क्षति पुऱ्याएका जिल्लाहरूमा भूकम्पले घर भत्की विस्थापित भएका कतिपय भूकम्प पीडितहरू सोही स्थान नजिकै टहरा बनाएर बसेको पाइएको छ । वर्षाको बेलामा उनीहरूको टहराको बसोबास कठिनपूर्ण छ । त्यसमाथि भूकम्पले जमिन चिराचिरा परेकाले पहिरोको जाने क्रम बढेको छ, जसले भूकम्प पीडितलाई थप पीडा दिएको पाइएको छ । २०७२ भदौ ११ गते बिहान भूकम्प पीडितको टहरो पहिरोले बगाउँदा नुवाकोटको गोर्स्याङ र सामरी गाविसमा गरी पाँच जनाको मृत्यु भएको पाइयो भने एक बालक बेपत्ता भए (त्रैमासिक प्रतिवेदन, इन्सेक, मध्यमाञ्चल) ।

सिन्धुपाल्चोक जिल्लामा भूकम्पले चिरा परेको जमिनमा पहिरो गएपछि गोल्चे गाविस १ स्थित लिदी र सोही गाविस ९ किप्चेका गरी ६८ घर परिवार विस्थापित हुन पुगेका छन् । पहिरोका कारण विस्थापित भएका दुई बस्तीका बासिन्दाहरू सेलाङ गाविस १ को बासखर्क नजिकको सार्वजनिक चउरमा बसेका छन् (त्रैमासिक प्रतिवेदन, इन्सेक, मध्यमाञ्चल) । गोरखामा पनि भूकम्पले चिरा पारेका उत्तरी भेकका पहाडमा पहिरोको जोखिम उच्च छ । ती पहाडमा लगातार पहिरो गईरहँदा दुर्गमका स्थानीय बासिन्दा त्रसित बनेका छन् । केरौँजा वडा नम्बर २ र ४, कासिगाउँ, गुम्दा ५ मा असार १८ गतेको  वर्षातले निरन्तर पहिरोको आशंका बढाएको छ ।  । पहिरोका डरले बाहिर रहेका स्थानीयको २० भन्दा बढी अस्थायी टहरा समेत पहिरोले बगाएको केरौँजा माविका प्रधानाध्यापक सुन्दरबाबु खनालले जानकारी दिए । केरौँजा गाविसका एक सय ५० धुरीले पहिरोका जोखिमका कारण अस्थायी टहरा छाडिसकेको प्रहरी नायब उपरीक्षक अर्जुन चन्दले बताए (त्रैमासिक प्रतिवेदन, इन्सेक, पश्चिमाञ्चल) ।

**भूकम्पबाट घर भत्केकाहरू अस्थायी टहरामा बसेका छन् । टहराको असुरक्षित बासमा भूकम्प पीडित महिला तथा बालबालिकाहरू बलात्कृत हुने, हराउने गरेका घटना सार्वजनिक हुन थालेको पाइएको छ ।**

भूकम्प पीडितको बसोबासको अस्थायी प्रबन्ध त्यति सुरक्षित हुन सकेको छैन । सिन्धुपाल्चोक जिल्लामा मात्र यो अवधिमा दुई बालिका र एक महिला बलात्कृत भएको घटना सार्वजनिक भएको छ । भूकम्पपछि टहरामा बस्नुपर्दा महिला र बालबालिकाले असुरक्षा महसुस गरेको पाइन्छ । भूकम्पले आर्थिक रूपमा पनि असुरक्षित बनाइदिएको छ र यसका कारणले महिला र बालबालिका बेचबिखनको मारमा परेको समेत अनुमान गरिएको छ । सिन्धुपाल्चोक जिल्ला प्रहरी कार्यालयका अनुसार भूकम्पपछिको चार महिनाको अवधिमा नुवाकोटमा ३४ जना महिला र १३ जना बालबालिका हराएका मध्ये ३ बालिका र ७ महिला गरी १० जना फेला परेको र अरु ३७ जनाको बारेमा कुनै जानकारी प्राप्त भएको छैन । दलालहरूले भूकम्पपछिको समस्याको कारण लोभलालचमा पारी भारतको यौनबजारमा पुऱ्याएको हुन सक्ने अनुमान स्थानीयले गरेको पाइएको छ (त्रैमासिक प्रतिवेदन, इन्सेक, मध्यमाञ्चल) ।

“शान्तिको लागि क्षमता” युरोपियन युनियनको सहयोगमा (इन्स्ट्रुमेन्ट फर स्टेबिलिटी अन्तरगत) सञ्चालन गरिएको परियोजना हो। द्वन्दको प्रारम्भिक संकेत पहिचान गरी त्यसका लागि पूर्व तयारी (अर्ली वार्निंग एंड रेस्पोन्स)मा जुट्नका निम्ति स्थानीय सहकर्मी संस्थाका प्रतिनिधिहरुको क्षमता अभिवृद्धी गर्ने उद्देश्य लिएको यस परियोजनालाई सेफरवर्ल्ड तथा कन्सीलिएशन रिर्सोसेसले ३२ वटा विभिन्न मुलुकहरुमा कार्यान्वयन गर्दै आइरहेको छ । यो परियोजनाको अवधि सन्२०१३ फेब्रुअरी देखि सन्२०१६ फेब्रुअरी सम्म रहेको छ । यस परियोजनाको उद्धेश्यहरु निम्नानुसार रहेका छन्: क) द्वन्द्व विश्लेषण र पूर्व तयारीको रणनीतिहरुका विकासको लागि स्थानीय गैर-सरकारी संस्थाहरुको क्षमता तथा अनुभवलाई तालिम र अभ्यासद्वारा अभिबृद्धि गर्ने, ख) प्रारम्भिक संकेत र पूर्व तयारीको क्षेत्रमा कार्य गदै आइरहेका गैर-सरकारी संस्थाहरु बीच आपसी सहकार्य र साझेदारीको अभिवृद्धि गर्ने, ग) नेपालमा गरिँदैआइरहेको द्वन्द विश्लेषण र विभिन्न कार्यक्रमहरुबाट प्राप्त प्रारम्भिक सूचनाहरुको संकलन र प्रयोग, र घ) परियोजनाबाट प्राप्त प्रारम्भिक संकेतको क्षमता र प्रकियाका सिकाइहरुको संकलन र प्रचारप्रसार गर्ने ।
नेपालमा, सेफरवर्ल्डले अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), नेपाल मधेश फाउंडेशन (नेमाफ), मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समुह- नेपाल (प्याग-नेपाल), शान्तिका लागि साझा अभियान (कोक्याप), नेपालमनिटर डट आर्ग, दक्षिण एशिया अध्ययन केन्द्र (सी.एस.ए.एस) र द्वन्द तथा शान्ति अध्ययन विभाग (मध्य-पश्चिमाञ्चल विश्व विद्यालय, सुर्खेत)सँग सहकार्य गर्दै आइरहेको छ ।”